STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १६ गते शनिबार ❑ 2 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## रसिदसँगै सवारी अनुमतिपत्र

**पोखरापत्र संवाददाता**
**कास्की, १५ असोज**

बर्दियाको ददबार-५ का दर्पन थारुले गत असोज १२ गते यातायात व्यवस्था कार्यालय पोखरामा मोटरसाइकलको सवारी चालक अनुमतिपत्रको परीक्षण (ट्रयाल) दिनुभयो। ट्रयालमा उत्तीर्ण भए पनि लाइसेन्स पाउनका लागि वर्ष दिनभन्दा बढी पर्खनुपर्दछ भनेर साथीभाइले उहाँलाई भनेका थिए। जसले उहाँ निराशसमेत हुनुभयो । तर उहाँले आज बिहान कार्यालय खुलेलगत्तै राजश्व तिरेपछि लाइसेन्स पाउनुभयो । ट्रयाल पास भएको तीन दिनमै सवारी चालक अनुमतिपत्र(लाइसेन्स) हातमा पाएपछि उहाँ फुरुङ्ग हुनुहुन्छ।

शुक्रबार यातायात व्यवस्था कार्यालय कास्कीको परिसरमा प्रदेश सरकारका भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्काको हातबाट सवारी चालक अनुमतिपत्र पाउँदा उहाँको अनुहारमा खुशी थियो । उहाँले भन्नुभयो, "मलाई त साथीले लाइसेन्स आउन छिटोमा डेढ/दुई वर्षनै लाग्छ भन्नुभएको थियो। ट्रयाल पास भएपछि रसिद देखाएर सवारी चलाउन पाइने भए पनि लाइसेन्सनै आज तीनदिनमै पाउँदा खुशी लागेको छ।"

सवारी चालक अनुमतिपत्रका लागि लिखित परीक्षा र अभ्यास (ट्रायल) पास गरेकाले लाइसेन्सका लागि कम्तिमा पनि एक वर्ष प्रतिक्षा गर्नुपर्ने बाध्यता छ। कसैले योभन्दा



बढी समय कुरेर बल्ल स्मार्ट सवारी चालक अनुमतिपत्र पाएका छन् । यातायात व्यवस्था विभागबाट लाइसेन्समा छपाईमा ढिलाई हुँदा देशका लाखौं नागरिक लामो प्रतिक्षामा रहनुपर्ने अवस्था रहे पनि गण्डकी प्रदेशमा भने प्रदेश सरकारले आफैं लाइसेन्स छपाई गरेर सेवाग्राहीलाई वितरण थालेको छ। सेवाग्राहीले राजश्व बुझाए लगत्तै लाइसेन्स पाउने भएका छन्। यातायात व्यवस्था विभागसँगको समन्वयमा प्रदेश सरकारले एक वर्षको समयावधि रहेको परीक्षणकालीन सवारी चालक अनुमति दिने कार्य आज पोखराबाट शुरु गरेको हो । गण्डकी प्रदेशका कास्की, नवलपुर र बाग्लुङ्मा रहेका यातायात व्यवस्था कार्यालयबाट सवारी चालक अनुमतिपत्र परीक्षा र ट्रयाल सञ्चालन गरी लाइसेन्स वितरण गरिन्छ । लाइसेन्सका लागि वर्षदिनभन्दा बढी कुर्नुपरेका गुनासा नागरिबाट आउन थालेको सङ्घीयताभन्दा अघिनै हो । प्रदेश सरकारले ट्रायल पास लगत्तै परीक्षणकालीन सवारी चालक अनुमतिपत्र दिन शुरु गरेको छ । यातायात व्यवस्था कार्यालय पोखराका सूचना अधिकारी प्रेम श्रेष्ठले अनुमतिपत्रका लागि अनलाइन आवेदन दर्तापछि बायोमेट्रिक गरेर लिखित र ट्रायल उत्तीर्ण भएकालाई राजश्व बुझाएलगत्तै लाइसेन्स प्रदान गरिने बताउनुभयो । सेवाग्राहीले ट्रायल उत्तीण भएको १५ दिनपछि कानून बमोजिम तोकिएको राजश्व दाखिला गर्नुपर्ने उहाँले बताउनुभयो।

"सवारी चालक अनुमतिपत्रमा ढिलाइ हुँदा सेवाग्राहीबाट बारम्बार हुने सोधपुछले सेवाप्रवाह समेत प्रभावित हुने गरेको थियो", श्रेष्ठले भन्नुभयो, "पहिला राजश्व बुझाएपछि रसिद दिएर पठाउने गरेकामा अबदेखि राजश्वको रसिदसँगै हातमै लाइसेन्स दिन्छौं ।" परीक्षणका लागि शुरु गरिएको लाइसेन्स स्मार्ट चिप्सवाला भने होइन। तर क्युआरकोड रहेकाले ट्राफिक प्रहरीले मोवाइलबाटै सक्कली/नक्कली परीक्षण गर्न सक्ने बताइन्छ । एकवर्षपछि यातायात व्यवस्था विभागबाट स्मार्ट लाइसेन्स आएपछि सेवाग्राहीलाई स्मार्टनै प्रदान गरिने श्रेष्ठले जानकारी दिनुभयो । यातायात व्यवस्था कार्यालय पोखरामा गत वर्ष चैतसम्म आवेदन गरेका ८० हजार सेवाग्राहीलाई लिखित र ट्रयालपछि क्रमशः अनुमतिपत्र प्रदान गरिने कार्यालय प्रमुख भरतराज काफ्लेले बताउनुभयो। परीक्षणकालिन सवारी चालक अनुमतिपत्र वितरण शुभारम्भ कार्यक्रममा मन्त्री खड्काले यातायात कार्यालय जनतासँग प्रत्यक्ष जोडिएकाले प्रदान गरिने सेवा सरल र जनमैत्री हुनुपर्ने बताउनुभयो । यातायातको सेवा परम्परावादी र लाइसेन्सका लागि लामो समय कुनुपर्ने अवस्थालाई अन्त्य गर्न प्रदेश सरकारले नयाँ थालनी गरेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "सवारी चालक अनुमतिपत्र दिने अधिकार प्रदेश सरकारको नभएपनि यातायात व्यवस्था विभागसँगको समन्वय हामीले काम गरेका छौं । सवारी लाइसेन्स जनताको अधिकार हो । यसलाई सहज बनाएका छौं ।" गण्डकीका बाग्लुङ र नवलपरासीसमेतबाट केही दिनमै परीक्षणकालीन लाइसेन्स वितरण गरिने मन्त्री खड्काले जानकारी दिनुभयो । मन्त्रालयका सचिव रामचन्द्र श्रेष्ठले चालक अनुमतिपत्र प्राप्तिमा देखिएको कठिनाईलगायत यातायात क्षेत्रको सेवा प्रवाहलाई सहज बनाउनका लागि मन्त्रालयले विभागसँग मिलेर काम गरिरहेको बताउनुभयो।

## 'ज्येष्ठ नागरिक अनुभवका खानी'

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ज्येष्ठ नागरिक अनुभवका खानी भएको बताउनुभएको छ।

उहाँले ३१औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा शुभकामना सन्देश दिँदै जीवनको लामो कालखण्डमा आरोह-अवरोह पार गर्दै सीप, अनुभव र ज्ञान आर्जन गर्नुभएका बुवाआमाको सम्मान गर्नुपर्ने बताउनुभएको हो। उहाँले भन्नुभएको छ, "ज्येष्ठ नागरिकका अनुभव राष्ट्र निर्माणका लागि अत्यन्तै अनुकरणीय हुन्छ, ज्येष्ठ नागरिकको हकहित संरक्षण र संवर्द्धन गर्दै सभ्य र सुसंस्कृत समाज निर्माणका लागि प्रदेश सरकार सदा तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।" त्यसैगरी सन्देशमा ज्येष्ठ नागरिकको जीवनलाई सहज र प्रभावकारी बनाउन सामाजिक सुरक्षा भत्ताका साथै सरकारले ज्येष्ठ नागरिक बिमा कार्यक्रम पनि सञ्चालन गर्दै आएको उल्लेख छ। वृद्धाश्रम बनाएर होइन, ज्येष्ठ नागरिकको सम्मान र व्यवस्थापन सन्तानले नै गर्नुपर्दछ भन्ने सामाजिक मान्यतलाई यथार्थमा बदल्न सके मात्र आमाबुवाप्रतिको दायित्व पूरा हुने सन्देशमा उल्लेख छ।

ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाई प्रभावकारी र जीवनोपयोगी बनाई थप सुदृढ गर्दै लैजान सरोकारवालाको ध्यानाकर्षणसमेत गराइएको छ । मुख्यमन्त्री पोखरेलले ज्येष्ठ नागरिकको सुखमय र जीवनलाई सम्मानित बनाउन अपिल गर्नुभएको छ।

## सदभाव कायम गर्न सबै प्रकारको शोषण गर्न आवश्यक छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सदभाव कायम गर्न नेपाली समाज बिद्यमान सबै प्रकारको शोषणको अन्त्य गर्न आवश्यक भएको बताएका छन्।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मादी गाउँपालिका वडा नं. ६ को भेलालाई शुक्रबार सम्बोधन गर्दै मन्त्री बरालले समाजमा रहेको शोषण अन्त्य नभएसम्म सामाजिक सदभावको साथमा आर्थिक विकास र समृद्धि समेत हासिल गर्न नसकिने दाबी गरेका हुन् । उनले भने "माओवादी पार्टीले समाजमा रहेको सबै प्रकारको शोषणको अन्त्य गर्न पहल गरेको छ, सबै समुदायले एक आपसमा सम्मान गर्दै अगाडि बढेमा मात्र समाजमा सद्भाव कायम गरेसंगै देशको विकास गर्न सकिन्छ ।" माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले कम्युनिष्ट आन्दोलनमादेखा परेको खराब प्रबृत्ति बिरुद्ध संघर्ष गर्दै कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्दै अगाडि बढ्नु बिकल्प नभएको बताए। भेलालाई पार्टीका जिल्ला संयोजक बखानसिंह गुरुङ, पार्टीको मादी इन्चार्ज तेजकुमारी पौडेल, मादी गाउँपालिका प्रवक्ता एवं वडा अध्यक्ष लाल बहादुर गुरुङ लगायतकाले वोलेका थिए । भेलाले भिम बहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन दिपक परियार र स्वागत शिवराज पौडेलले गरेका थिए । भेलाले दिपक परियारको अध्यक्षतामा १३ सदस्यीय माओवादी केन्द्रको वडा समिति गठन गरेको छ। त्यसै गरी उपाध्यक्षमा प्रकाश देवकोटा, सचिवमा महादेव पौडेल, सहसचिवमा दिपक अधिकारी, कोषाध्यक्षमा कमला बराल चयन गरेको हो।

## संवैधानिक व्यवस्था अनुसार सरकार गठन भएको हो : राजमो अध्यक्ष केसी

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ असोज**

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले ठूला राजनीतिक दलले राजनीतिलाई व्यापार बनाएको आरोप लगाउनुभएको छ । उहाँले भन्नुभयो" व्यवस्था



परिवर्तन भए पनि ठूला दलको प्रवृत्ति सुध्रिएन। प्रवृत्ति नसुध्रिएका कारण राष्ट्रियता र गणतन्त्र धरापमा परेको छ। "

प्रगतिशील पत्रकार सङ्घ बागलुङलद्वारा आज यहाँ आयोजित

बाँकी अन्तिम पृष्ठमा ▶▶

## धवलागिरि हिमाल दुई नेपाली महिलाले सफल आरोहण

**रासस**
**म्याग्दी, १५ असोज**

विश्वको सातौँ अग्लो धवलागिरि हिमालमा पहिलोपटक दुई नेपाली महिलाले सफल आरोहण गरेका छन् । म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्ने आठ हजार १६७ उचाइको हिमाल पूर्णिमा श्रेष्ठ र पासाङल्हामु शेर्पाले शुक्रबार बिहान ५ बजे आरोहण गर्नुभएको आरोहणको व्यवस्थापन गरेको सेभेन समिट ट्रेक्सका अध्यक्ष मिङ्मा शेर्पाले जानकारी दिनुभयो।

उक्त कम्पनीबाट शुक्रबार अन्य २० जनाले धवलागिरि आरोहण गरेका थिए। यसअघि नेपाली महिलाले धवलागिरिको आरोहण गरेको रेकर्ड छैन। आरोही श्रेष्ठ फोटो पत्रकार र शेर्पा आरोहणमा आबद्ध व्यक्ति हुनुहुन्छ । "श्रेष्ठ शिखर पुगेर फर्केपछि तेस्रो क्याम्पबाट बिहान मसँग कुराकानी भएको थियो । शुक्रबार साँझसम्म आधार शिविर आइपुग्ने योजना छ," उहाँकी साथी पत्रकार सृष्टि काफ्लेले भन्नुभयो । शरद् ऋतुको आरोहणका लागि उक्त कम्पनीमार्फत श्रेष्ठ यही असोज २ गते मुस्ताङको मार्फा हुँदै पैदलमार्ग भएर धवलागिरि आरोहणमा जानुभएको थियो। गोरखा आरुघाट निवासी उहाँको टोलीले यसअघि गत वैशाख ३ मा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित आठहजार ०८१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेर कीर्तिमान बनाएको थियो। कारोबार आर्थिक दैनिकमा कार्यरत श्रेष्ठले यसअघि सन् २०१८ मा सगरमाथा, २०१७ मा मनास्लु र २०१९ मा अमादब्लम हिमाल पनि आरोहण गर्नुभएको थियो । पर्यटन विभागको पर्वतारोहण शाखाका अनुसार यस याममा हिमाल आरोहणका लागि २५ आरोही समूहका २३० आरोहीले आरोहण अनुमति लिएकामा धवलागिरि आरोहणका लागि चार आरोही समूहका १२ महिला र २८ पुरुष गरी कूल ४० आरोहीले आरोहण अनुमति लिएका थिए। यस याममा सबैभन्दा बढी मनास्लु हिमाल आरोहणका लागि १७ आरोही समूहका १७१ आरोही छन्। मनास्लु आरोहणमा ३८ महिला र १३३ पुरुषले अनुमति लिएका थिए।

धवलागिरि गाउँपालिका र रघुगङ्गा गाउँपालिकाको सिमाना तथा छिमेकी जिल्ला मुस्ताङबाट समेत धवलागिरि हिमालमा जान सकिने भए पनि नियमित आरोहणका लागि पश्चिम मोहडा नै आरोहीहरुको रोजाइमा पर्ने गरेको छ। सन् १९६० मे महिनाको १३ तारिखमा अस्ट्रेलियन नागरिक कुर्ड डिम्बकरणले पहिलोपटक धवलागिरि आरोहण गरेको रेकर्ड छ तर विभिन्न अभिलेखमा सन् १९४९ मा भारतमा रहेको ब्रिटिसको टोलीले सर्वेक्षण गरेको भए पनि १९४९ को स्विस हवाई सर्वेक्षण अज्ञात थियो। केही समयअगाडि विश्व कीर्तिमानी बनाउने क्रममा म्याग्दीका निर्मल पुर्जाले अक्सिजनबिना नै आरोहण गरेपछि धवलागिरि हिमालको चर्चा भएको थियो।

## धवलागिरि आयुर्वेदिक औषधालय प्रदेशकै उत्कृष्ट

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असोज**

गण्डकी प्रदेशका ११ जिल्लामा रहेका आयुर्वेदिक औषधालयमध्ये बागलुङमा रहेको धवलागिरि आयुर्वेदिक औषधालय प्रथम भएको छ । औषधालयले गरेको कार्यसम्पादन मूल्याङ्कनका आधारमा औषधालय प्रथम भएको हो। औषधि उत्पादन, बिरामीको उपचार, मासिक तथा वार्षिक कार्यसम्पादन, कर्मचारीको अनुशासन, पत्राचार, बेरुजु र कोभिड महामारीमा गरेका कामको मूल्याङ्कनका आधारमा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखराले औषधालयलाई उत्कृष्ट ठहर गरेको हो।

औषधालयले १०० पूर्णाङ्कमा ८० दशमलव आठ अङ्क प्राप्त गरेको थियो । दोस्रो भएको जिल्ला आर्युवेद औषधालय स्याङ्जाले ७६ दशमलव छ र तेस्रो भएको कास्की आर्युवेदिक औषधालयले ७५ दशमलब छ अङ्क प्राप्त गरेका छन् । वार्षिक समीक्षा कार्यक्रममा औषधालयलाई पुरस्कृत गरिएको थियो। "कामको मूल्याङ्कन भएको छ, हामीलाई थप जिम्मेवार भएर काम गर्ने हौसला थपियो", औषधालयका प्रमुख डा सरोजकुमार रायले भन्नुभयो, "हामीले यो स्थानलाई कायम राख्ने गरी काम गर्नेछौं ।" औषधालयले कोभिड महामारीको समयमा गाउँ-गाउँमा पुगेर औषधि वितरणदेखि योग तथा ध्यानसम्बन्धी प्रशिक्षण चलाएको थियो। मासिक कार्यसम्पादनको बुलेटिन तयार गर्ने धवलागिरि आर्युवेदिक औषधालय गण्डकी प्रदेशको पहिलो हो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# दिवस र घिमिरेलाई हेमदेवी धर्म, संस्कृति तथा समाज सेवा पुरस्कार

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असोज**

संस्कृतिकर्मी तथा साहित्यकार तुलसी दिवस र महिला बेचबिखनविरुद्ध तथा महिला सशक्तिकरणका क्षेत्रमा क्रियाशील दुर्गा घिमिरे पोखरामा एक साथ पुरस्कृत हुने भएका छन् । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले प्रदान गर्ने हेमदेवी धर्म, संस्कृति तथा समाज सेवा दिवस र घिमिरे पुरस्कृत हुन लागेको हुन् ।

समितिले प्रत्येक २/२ वर्षमा यो पुरस्कार प्रदान गर्दै पुरस्कारको राशी १ लाख रुपैयाँको छ । घिमिरेलाई २०७६ सालमै यो पुरस्कार दिने घोषणा गरिएको थियो । तर, कोरोना माहामारीका कारण पुरस्कार प्रदान गर्न कार्यक्रम रोकिएको थियो । २०७८ सालको पुरस्कार संस्कृतिकर्मी तथा साहित्यकार तुलसी दिवसलाई दिन लागिएको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिए । १९९८ असारमा धनकुटामा जन्मिएका दिवस २९ वर्षको उमेरमै प्राज्ञ भएका थिए । उनी नेपालकै कान्छा प्राज्ञ हुन् । सानैदेखि कला, साहित्य, संस्कृतिमा रुचि राख्ने दिवस उच्च शिक्षको अध्ययनसँगै साहित्यतर्फ मोडिएका थिए भने संस्कृतिको अनुसन्धान पनि अगाडि बढाएका थिए । लामो समय प्राध्यापकमासमेत बिताएका





दिवसले विभिन्न जातजाती र संस्कृतिको अनुसन्धान गरेका छन् । त्यहीबीचमा दिवसमा गेस्ट कल्चरल प्रोफेसर भएर विभिन्न देश तथा प्रख्यात विश्वविद्यालयमा गए । जापान, कोरिया, बेलायत, अमेरिकाजस्ता दर्जन देशमा लोकवार्ता सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका दिवसका नेपाली लोक कथा, नेपाली लोककथा केही अध्ययन, धिमाल प्रदर्शनकारी लोक संस्कृति, धिमाल लोकधर्म र संस्कृति, तुलसी दिवसका कविता, भारतबाट तुलसी दिवसकि कविताएँजस्ता कृतिहरु प्रकाशित छन् ।

दिवसले सन् १९७४ र १९७८ मा लोकसंस्कृति विषयमा अमेरिकाको इष्ट वेस्ट सेन्टर, हवाई राज्यबाट र सन् १९७६/१९७७ र १९९६ मा जापानको टोकियो विश्व विद्यालयबाट लोक साहित्य र संस्कृति सम्बन्धमा उच्च क्षिक्षा हासिल गरेका हुन् । त्यसरी नै उनले गाकुसुमन विश्वविद्यालय टोकियो जापानबाट लोकवार्ता शास्त्रमा पोष्ट ग्राजुएट डिप्लोमाको शिक्षा पनि हासिल गरेका छन् । दर्जनौं पुरस्कार, पदक र सम्मानबाट पुरस्कृत दिवस २४ वर्षको उमेरबाटै प्राध्यापन थालेका थिए ।

घिमिरे ४ दशकभन्दा लामो समयदेखि महिला बेचबिखनविरुद्ध तथा महिला सशक्तिकरणका क्षेत्रमा क्रियाशील हुँदै आएकी छन् । 'घिमिरेले महिला बेचबिखन तथा सशक्तिकरणको क्षेत्रमा लामो समयदेखि योगदान दिनुभएको छ । उहाँको योगदानको कदर र महिला सशक्तिकरणका क्षेत्रमा अरुलाई पनि लाग्न अभिप्रेरित गर्न यस वर्षको पुरस्कार घिमिरेलाई दिने निर्णय भएको छ,' समितिका सचिव तीर्थले भने, 'कोभिडका कारण प्रदान गर्ने मिति तलमाथि भएको छ ।' २००५ साल वैशाख ३ गते सुनसरीको धरानमा जन्मेकी दुर्गा घिमिरेले त्रिभुवन विश्वविद्यालयवाट सन् १९७० मा अर्थ शास्त्रमा एम.ए. र १९७५ मा त्रिभुवन विश्वविद्यालयबाटै कानुनमा स्नातक गरेकी छिन् । २०३३ सालदेखि सामाजिक सेवा र महिला अधिकारको क्षेत्रमा उनी क्रियाशील छिन् ।

मानव अधिकार, चेलिबेटी बेचबिखनको विरुद्धको अभियानमा सबैभन्दा पहिला राष्ट्रिय रुपमा वहसको विषय बनाई उठान गर्ने पहिलो व्यक्तिका रुपमा घिमिरेलाई हेरिन्छ । २०४४ सालमा एबीसी. नेपाल नामक गैरसरकारी संस्थाको स्थापना गरी महिला बेचबिखनविरुद्ध लागेकी थिइन् । घिमिरेले हालसम्म ३ हजारभन्दा बढी चेलीहरुको उद्धार तथा समाजमा पुनस्थापना गरी उनीहरुको जीवनलाइ रुपान्तरण गर्न सफल भएकी छन् ।

महिला उत्थान लगायतका क्षेत्रमा उल्लेखनीय काम गरे वापत घिमिरेले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय पुरष्कार प्राप्त गरेकी छन् । घिमिरेले अधिकार क्षेत्रमा विभिन्न माध्यमबाट कलम पनि चलाउँदै आएकी छन् ।

विन्ध्यवासिनी क्षेत्र विकास समितिले प्रथम पटक २०७३ सालमा वरिष्ठ संस्कृतिविद शताब्दी पुरुष सत्यमोहन जोशीलाई प्रदान गरेको अध्यक्ष गणेशबहादुर श्रेष्ठले जानकारी दिए । दोस्रो पटक २०७५ मा गलेश्वर पीठाधीश स्वामी आत्मानन्द गिरीजी महाराजले यो पुरस्कार पाएका थिए । पुरस्कार विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका संस्थापक अध्यक्ष हेमबहादुर प्रधानबाट संस्थापित तथा समितिवाट संञ्चालित छ ।



लेक सिटीका विद्यार्थी कमलपोखरीमा : लेक सिटी कलेज एण्ड रिसर्च सेन्टरमा प्रथम वर्षमा पत्रकारिता अध्ययन गर्न विद्यार्थीहरु पोखरा महानगरपालिका वडा नं १३ स्थित कमलपोखरी तालमा शुक्रवार अवलोकन गरेका छन् । वडा अध्यक्ष दर्शन लामाले विद्यार्थीहरुले कमलपोखरी तालको अवलोकन क्रममा राखेका विविध जिज्ञासा लामाले मेटाएका थिए । आफु जनप्रतिनिधि भएदेखि नै कसरी आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य बनाउने भन्ने वारेमा आफूमा चिन्ता रहेको अध्यक्ष लामाले बताए । सो कार्यक्रममा वडा १३ का वडा सदस्य टंकप्रसाद भट्टराई, कमलपोखरी संरक्षण समितिका सचिव विक्रम विश्वकर्मा लगायत सदस्यहरुले कमलपोखरीको बारेमा जानकारी एवं समस्या वारे विद्यार्थीहरुमाँझ जानकारी गराए । फोटो-पोखरापत्र

# घरेलु डर्विमा क्यासल विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असोज**

राष्ट्रिय ए डिभिजन लिग फुटसल प्रतियोगिता अन्तरगत घरेलु टोली डर्विमा स्पोर्ट्स क्यासल विजयी भएको छ ।

पोखरा रंगशाला बहुउदेश्यीय कभर्डहलमा शुक्रबार भएको डर्विखेलमा स्पोर्ट्स क्यासलले सविन मेमोरियललाई २-० ले हराउँदै अपराजित यात्रा कायमै राख्न सफल भएको हो । अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा सुरज गुरुङ र किशोर गुरुङले गोल गर्दै क्यासललाई जित दिलाए । सुरजले खेलको १७ औं मिनेटमा गोल गर्दै अग्रता दिलाए । यस्तै किशोरले ३४ औं मिनेटमा गोल गर्दै अग्रता दोब्बर पारे ।

जितसंगै क्यासलको ७ खेलबाट १९ अंक रहेको छ । सविनले पाएको अवसरको सदुपयोग गर्न नसक्दा हार व्यहोर्न



बाध्य भएको हो । सविनको उत्कृष्ट ३ प्रहारमा पोष्ट बाधक बनेको थियो ।

हार पश्चात प्रशिक्षक राजेन्द्र तामाङले केही खेलाडीले भने अनुसार नखेलेको प्रतिक्रिया दिए । उनले क्यासल विरुद्धको खेल निकैनै प्रतिस्पर्धात्मक रहेको बताए । सविनको भने ७ खेलबाट १० अंक सहित तालिकाको पाँचौ स्थानमा रहेको छ । क्यासलका मुख्य प्रशिक्षक विष्णु गुरुङले आफूहरु पहिलो स्थानका लागि खेल्ने बताए । खेलको म्यान अफ दि म्याच क्यासलका गोलरक्षक विश्वास पौडेल घोषित भए । यस्तै शंखमुल फुटसल र मछिन्द्र स्काइ गोल्सले भने अंक बाडेका छन् । प्रतियोगिता अन्तरगत शुक्रबारको दोस्रो खेलमा शंखमुल र मछिन्द्रले २-२ गोलको बराबरी खेल्दै १/१ अंक बाडेका हुन् ।

शंखमुलको कुल ७ खेलबाट १५ अंक रहेको छ । खेलमा शंखमुलले अग्रता लिएपनि जित हात पार्न भने सकेन् । खेलको ८ औं मिनेटमा क्रिजल खड्काले गोल गर्दै अग्रता दिलाए । पहिलो हाफमा १-० को अग्रता लिएपनि दोस्रो हाफमा भने मछिन्द्रले गोल गर्दै बराबरी गर्‍यो । २२ औं मिनेटमा आशिष सुनमले गोल गर्दै बराबरी गरे । २७ औं मिनेटमा अरुज सिंहलेले टोलीका लागि दोस्रो गोल गरेपनि मछिन्द्रका मिसोन गुरुङले ३० औं मिनेटमा बराबरी गोल फर्काए । खेलको म्यान अफ दि म्याच शंखमुलका अरुज सिंह घोषित भए ।

शुक्रवारको अन्तिम खेलमा प्रभातफेरीले झरना युथ क्लबलाई ७-३ गोल अन्तरले हराएको छ । प्रभातफेरीको जितमा सिजन गुरुङले २ तथा धिरज जोशी, श्रीजेश पुरी,अखिलेस कार्की, नविन लामा र शान्ता लामाले एक-एक गोल गरे । झरनाका लागि प्रेम छन्त्याल र कप्तान जितेश गुरुङले गोल गरे । १ गोल भने झरनाले उपहार स्वरुप पायो । प्रभातफेरीका श्रीजेश पुरीले आत्मघाति गोल गरेका थिए । खेलको म्यान अफ दि म्याच प्रभातफेरीका नविन लामा घोषित भए ।

# नेशनल गण्डकी म्युजिक अवार्ड हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असोज**

पुष्पाञ्जली स्टुडियो प्रालिको आयोजनामा 'नेशनल गण्डकी म्युजिक अवार्ड-२०७८' हुने भएको छ । आयोजकले शुक्रबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरेर दिएको जानकारी अनुसार ३१ विधामा अवार्ड वितरण गरिनेछ । जसको लागि उत्कृष्ट ५ मनोनयन सार्वजनिक गरिएको छ ।

उत्कृष्ट ५ मा पर्न सफल प्रतिभालाई ५० प्रतिशत जुरीको निर्णय र ५० प्रतिशत दर्शक श्रोताले गरेको भोटको आधारमा अवार्ड विजेता घोषणा गरिने आयोजकले जनाए । लोक, पप, आधुनिक र यस सम्बन्धीत श्रव्यदृश्य गरी ३१ विधाका कलाकारलाई अवार्ड वितरण गरिनेछ ।

यसका साथै लाइफटाइम एचिभमेन्ट अवार्ड, जेष्ठ कलाकार सम्मान र रगं पत्रकार सम्मान कार्यक्रम समेत गरिने आयोजकको भनाई छ । अवार्ड कार्यक्रमको जुरी निर्णायकमा सुमन श्रापित, बमबहादुर कार्की र रेशम रचक रहनुभएको छ । अवार्ड वितरण कार्यक्रम आगामी कार्तिक ५ गते दिउँसो ३ बजे पोखरा उद्योग वाणिज्य संघको हलमा गर्ने तय भएको आयोजकले जनाए । यो वर्ष पहिलो अबार्ड भएको हुँदा केही बर्ष अगाडिका गीत समेतले नोमिनेशसन फाराम भर्न सक्ने व्यवस्था गरिएको भएपनि



अर्को वर्षबाट भने एक वर्ष भित्रका गीतले मात्र सहभागीता जनाउन पाउने गरेर अवार्ड वितरण गरिने आयोजक पुष्पाञ्जली स्टुडियो प्रालिका प्रबन्ध निर्देशक कृष्णप्रसाद गौतमले बताउनुभयो । 'नेपाली कला संस्कृतीको क्षेत्रमा क्रियाशिल प्रतिभालाई थप उर्जाशिल बनाउन अवार्ड कार्यक्रमको आयोजना गरिएका हो' गौतमले सुनाउनुभयो ।

यसपाली चलचित्र विधालाई समेट्न नसकेपनि अर्को वर्ष थप्दै जाने गौतमले बताउनुभयो । '१५ दिनको समय राखेर विभिन्न विधामा आवेदन गर्न लगाएका थियौ, अवार्ड कार्यक्रमले पोखराको गरिमा बढ्छ, अर्को वर्षबाट विधा थप्दै लैजान्छौ' गौतमले भन्नुभयो ।

पत्रकार सम्मेलनमा बोल्दै जुरी निर्णायक संयोजक सुमन श्रापितले वास्तविक प्रतिभालाई अवार्ड प्राप्त गर्नेगरी आफूहरुले कार्य गर्ने बताउनुभयो । 'कोरोनाले थलिएको विषम परिस्थितीमा पनि अवार्ड कार्यक्रम गर्ने आट गर्नु सुन्दर पक्ष हो, यस्ले कलाकारलाई उर्जा थप्नेछ' श्रापितले बताउनुभयो ।

यसैगरी राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान नेपालका सचिव जीवन दाहालले अवार्ड कार्यक्रम आयोजना हुनु राम्रो भएको बताउनुभयो । 'अवार्ड कार्यक्रम आयोजना हुनु राम्रो कुरा हो, हाम्रो साथ सहयोग रहन्छ' उहाँले भन्नुभयो । अवार्ड कार्यक्रम सम्पन्न गर्न ६ लाख ७० हजार रुपैँया खर्च लाग्ने आयोजकको अनुमान छ । पहिलोपटक आयोजना गर्न लोगको हुँदा केही कमीकमजोरी हुन सक्ने भएपनि सबैको सुझाबको आधारमा अवार्ड कार्यक्रमलाई परिस्कृत गर्दै लैजाने आयोजकले बताए । यस अवार्डको उद्धेश्य कलाकारहरुलाई थप उर्जाशिल बन्न टेवा पुर्‍याउने रहेको आयोजकको प्रष्टोक्ति थियो ।

## संवेधानिक...

पत्रकार भेटघाट कार्यक्रममा उहाँले भन्नुभयो, "दलका रिसले राजतन्त्र मागिरहेका छन्, हामीले सङ्घर्ष गरी ल्याएका गणतन्त्रमा कसरी धावा बोलिँदैछ ।" दलहरु सत्ता बाहिर रहँदा राष्ट्रियता र गणतन्त्रको पहरेदार बन्ने र सत्तामा पुगेपछि आफू र आफ् नामा केन्द्रित हुँदा अहिलेको अबस्था आएको उहाँले बताउनुभयो । अध्यक्ष केसी भन्नुभयो, "संवैधानिक व्यवस्थाअनुसारनै अहिलेको सरकार बनेको हो । सरकारले ल्याएको अध्यादेश बाध्यताको उपज हो ।" अहिलेका पाँच दलीय गठबन्धन परिस्थितिको उपज भएको जनाउँदै उहाँले गठबन्धन टिक्ने वा टुक्रिने परिस्थितिले नै निर्धारण गर्ने बताउनुभयो ।

# कांग्रेस आन्तरिक लोकतन्त्र सुदृढ गराउने बाटोमा : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १५ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेस आन्तरिक लोकतन्त्र सुदृढ गराउने बाटोमा अघि बढेको बताउनुभएको छ । कांग्रेसको आँबुखैरेनी गाउँ कार्यसमितिको पदस्थापन कार्यक्रममा सहभागी हुनुहुँदै उहाँले पार्टीले वडास्तरदेखि नै लोकतान्त्रिक अभ्यास अवलम्बन गरिरहेको उल्लेख गर्नुभयो ।

लोकतान्त्रिक प्रक्रियाको अवलम्बन कांग्रेस बाहेक अरु पार्टीले गर्न नसक्ने नेता पौडेलको भनाइ थियो । "लोकतान्त्रिक अभ्यास अवलम्बन गरकै कारण कांग्रेसप्रति आकर्षण बढेको छ", उहाँले भन्नुभयो । कांग्रेस लोकतन्त्रको पहरेदार भएको चर्चा गर्नुहुँदै उहाँले लोकतन्त्रमाथि कसैले आघात पुर्‍याउन खोजे त्यसको प्रतिकार गर्ने बताउनुभयो ।

"कांग्रेस लोकतन्त्रका लागि जन्मेको पार्टी हो, त्यसका सदैव लडिरहन्छ," पौडेलले भन्नुभयो, "कांग्रेसभित्र भित्र पनि आन्तरिक लोकतन्त्रका लागि लडिरहेका छौं ।" पार्टीसँगै समाजलाई लोकतान्त्रिकरण गर्ने अभियानमा आफू लागि परेको उहाँले स्पष्ट पार्नुभयो ।


क्रियाशील सदस्यताबारे विवाद रहेका ठाउँमा समाधान गर्नेतर्फ पार्टी नेतृत्व गम्भीर हुनुपर्ने पौडलले बताउनुभयो । नेताभन्दा पार्टी बलियो हुनुपर्ने उहाँले सुनाउनुभयो ।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# दाउन्ने घोराही सडक खण्डः यात्रुलाई सास्ती

–हरि बाँस्तोला

गण्डकी, १५ असोज(रासस)

पोखराबाट दाङ तुलसीपुरका लागि यही असोज ६ गते साँझ ६ बजे छुटेको रात्रि बस भोलिपल्ट साँझ ६ बजे गन्तव्यमा पुगेको थियो। बढीमा सो स्थान पुग्न नौ घण्टा समय लाग्छ। २४ घण्टा समय गाडीमा बिताउनुपर्दाको पीडा यतिखेर उक्त सडकखण्डको नियति जस्तै बनेको पाइएको रुपा गाउँपालिका-७ का कालिदास सुवेदीले बताउनुभयो।

पूर्वपश्चिम राजमार्ग खण्डको धानखोलाको सडकमा पल्टिएको मालवाहक ट्रकले दुवैतर्फको यातायात अवरुद्ध हुँदा आठ घण्टा जाममा परेको उहाँले गुनासो गर्नुभयो। पूर्वपश्चिम राजमार्गअन्तर्गत दाउन्ने घोराही खण्डमा बारम्बार हुने जामका कारण सास्ती भोग्नु यतिखेर बाध्यता बनेको छ। यातायातका साधनको अत्यधिक चाप साँघुरो एवं जीर्ण सडकको कारण बारम्बार हुने जामले गर्दा सडक प्रयोगकर्ताले सास्ती भोग्नुपरेको हो।

गुड्दा गुड्दैका यातायातका साधान अचानक सडकमै दुर्घटना हुने र बिग्रँने गर्दा सडक अवरुद्ध भएपछि राजमार्गको दुवैतर्फ यात्रुवाहक तथा मालवाहकलगायत ठूला एवं साना यातायातका सयौँ साधनको लाम देख्दा यात्रुमा अत्यास लाग्ने गरेको छ।

पश्चिमतर्फ जाँदै गरेको ना६ख ७९५७ नंको ट्रक असोज १० गते साँझ ६ बजे दाउन्नेको उकालोमा दुर्घटना भयो। सिसा बोकेर पश्चिम जाँदै गरेको सो ट्रक बाटोमा पल्टिएको हुँदा दुवैतर्फका यातायाताका साधन जाममा परे। सडकमा पल्टिएको सो गाडीको कारण प्रहरी, यात्री र स्थानीयको पहलमा सात घण्टापछि मात्र बाटो एकतर्फी खुला भयो सयौँका सङ्ख्यामा जाममा परेका सवारी साधन पूर्णरुपमा खुला हुनत एक दिन नै लागेको पर्वतका बस यात्रु खुम सुवेदी बताउनुभयो।

यी त सामान्य उदाहरण मात्र हुन मुलुकभरिका ठूला वा साना राजमार्गमा यात्रा गर्ने अधिकांश यात्रुले अहिले पनि यस्तै सास्ती भोग्न बाध्य छन्। सडक छेउमा दुर्घटनामा परेका र बिग्रेका यातायातका साधन देख्दा अधिकांश राजमार्ग ग्यारेजमा परिणत भएको जस्तो दृष्य देखिन थालेको सडक प्रयोगकर्ताको सामूहिक धारणा छ।

गुड्दागुड्दैको मालवाहक ट्रक सडकमा पल्टिने र त्यसलाई तत्काल हटाएर सडक खुलाउने हाम्रो कुनै संयन्त्र नरहेको यस सडकखण्डमा यात्रा गर्नेको गुनासो छ। पोखराबाट दाङको तुलसीपुर यात्रु लिएर जाँदै गरेका ना६ख ९२४ बस चालक रामप्रसाद बञ्जाडेका अनुसार जताततै बाटो अवरुद्ध हुँदा यात्रुलाई समयमा गन्तव्य पुऱ्याउन नसकेको जनाउँदै अहिले पनि सडकमा हप्तौँ पहिले पल्टिएका र नयाँ बिग्रिएका गाडीका कारण घण्टौँ जाम हुने गरेको बताउनुभयो।

उहाँ भन्नुभयो, "सरकारले बाटो मर्मतमा ध्यान नदिनु र १० चक्के ट्रकको हकमा १६ टन र १२ चक्केका लागि २१ देखि २४ टनसम्म बोक्न पाउने नेपालको मापदण्ड भए पनि भारतबाट आउने मालवाहक ट्रकले भने ३४ देखि ४० टनसम्म बोक्ने गर्दा ओभर लोडका कारण नेपालका राजमार्गका बाटो बिग्रँने, बढी दुर्घटना र जाम जस्ता समस्याले यात्रुसहित गाडीका स्टाफलाई समेत जटिल समस्या पर्ने गरेको छ।" यस वर्ष पानी बढी परेका कारण अधिकांश सडक जीर्ण अवस्थामा पुगेका छन्, अहिले पनि बाटोमा पहिरो झर्नेक्रम जारी छ कतिखेर के हुन्छ भन्न नसकिने बताउँदै उहाँले दुर्घटनामा परेका गाडी सडकबाट हटाउने र बिग्रेका गाडी मर्मत गरेर बन्द सडकलाई तत्काल खुलाउने व्यवस्था गर्न सके मात्र यात्रुलाई तोकिएका सयममा गन्तव्यमा पुऱ्याउन सकिने बताउनुभयो। सडक एकतर्फी खुल्दा पनि लामबद्ध भएर नबसिकन कतिपय चालकले हतार गर्दा थप जाम हुने गरेकोसमेत उहाँको भनाइ छ। कोरोना कहरको सङ्क्रमण कमहुँदै गएको छ। दसैं, तिहार, छठ जस्ता चाडपर्व नजिक आइसकेका छन्। सो सडक खण्डमा जाम हुने अवस्थाको अन्त्य गर्न सम्बन्धित निकायले समयमै ध्यान दिन जरुरी छ।



कृषि विकास स्रोत केन्द्रमा च्याउ घरः वालिङ नगरपालिका- १ यवादीस्थित कृषि विकास स्रोत केन्द्रमा पराल, मकैको खोष्टा, कोदोको नलहरुमा बनाइएको कन्य जातको च्याउ। विभिन्न जातका च्याउको बीउ ल्याएर यहाँ परीक्षण गर्ने र कृषकलाई सिफारिस गर्नुका साथै च्याउ बनाउने विधिबारे सिकाउनका लागि तयार गरिएको च्याउ घर। तस्वीर : तोलाकान्त बगाले

# जिपी कोइराला अस्पतालमा हर्नियाको सफल शल्यक्रिया

पोखरापत्र संवाददाता

दमौली, १५ असोज

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा हर्नियाको सफल शल्यक्रिया गरिएको छ।

स्थानीय ७४ वर्षीय पुरुषको दायाँ साइडको हर्नियाको उपचार केन्द्रका चिकित्सकले सफल शल्यक्रिया गरेका हुन्।

केन्द्रले पहिलोपटक हर्नियाको शल्यक्रिया गरेको सर्जन डा परिवर्तन बरालले जानकारी दिनुभयो। डा बराल र एनेस्थेसियोलोजिष्ट डा रमेश घिमिरेले डेढ घण्टाको समयमा ती पुरुषको शल्यक्रिया गर्नुभएको हो। ढाडमा सुई लगाई लठ्याएर शल्यक्रिया गरिएको छ। दायाँ साइडको हर्नियाका कारण ती पुरुषको अण्डकोष फुलिएको थियो। पोखरास्थित गण्डकी अस्पतालमा शल्यक्रियाका लागि कात्तिकमा समय लिएका उहाँले जिपीमा नै शल्यक्रिया गराउनुभएको हो। "हर्नियाको शल्यक्रियाका लागि पोखरा वा अन्यत्र जानुपर्थ्यो, अब सर्वसाधारणलाई सहज हुन्छ", डा बरालले भन्नुभयो।

सो अस्पतालले यसअघि भदौ पहिलो साता मलद्वार फाटेका बिरामीको सफल शल्यक्रिया गरेको थियो। उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले हर्निया र मलद्वार फाटेको शल्यक्रियालाई निरन्तरता दिइने जानकारी दिनुभयो। उपचार केन्द्रमा हाडजोर्नी विशेषज्ञ डा विद्याभूषण ताम्राकारबाट हाडजोर्नीको शल्यक्रिया नियमितरूपमा भइरहेको जनाइएको छ। अस्पतालमा तीन विशेषज्ञ र नौ मेडिकल अधिकृत कार्यरत छन्। अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ। त्यसबाहेक अस्पतालले केही समय अगाडिबाट कल्चर सेवा पनि सुरु गरेको छ। अस्पतालमा बिहान १० देखि अपराह्न ४ बजेसम्म ओपिडी सेवा, चौबीसै घण्टा आकस्मिक सेवा, ल्याब, भिडियो एक्सरे सेवा, माइनर शल्यक्रियालगायत सेवा दिइरहेको छ।

# दूध र कुखुराबाट मासिक पाँच लाख आम्दानी

–ध्रुवसागर शर्मा

म्याग्दी, १५ असोज(रासस)

प्रायः नेपाली युवा रोजगारीका लागि विदेश जान मरिहत्ते गर्छन्। उनीहरुको पहिलो रोजाइ बैदेशिक रोजगारी नै हुने गर्दछ।

म्याग्दीको बेनी नगरपालिका-७ कुरिलाखर्कका युवा सुरेश ढुङ्गानाले आफ्नै पौरखले गाई, भैँसीको गोठ र कुखुराको खोर बनाउनुभएको छ। दशवर्ष अरबको खाडीमा पसिना बगाएका ३७ वर्षीय उहाँले पेशा परिश्रम र पैसालाई जीवनसँग जोडेर सम्पन्नता र प्रशन्नताको महक प्राप्त गर्ने ज्ञान अरबको खाडीबाट प्राप्त गर्नुभयो। "मैले खाडीमा जीवनको महत्व र स्वदेशको सम्भावनालाई बुझेँ", उहाँले भन्नुभयो।

स्वदेशमै सम्भावना देखेर गाउँ फर्किएका उहाँलाई गाउँ आएपछि साथीले अमेरिका आग्रह समेत गरे। उहाँले अमेरिका जाने होइन गाउँमै अमेरिकामा भन्दा बढी कमाउने र गाउँमै रमाउने योजना सुनाउनुभयो। साथीहरुले उहाँका विचारलाई उडाए। बुद्धि नभएको भने उहाँ आफ्नो निर्णयमा अडिग रहनुभयो। अनि सुरु गर्नुभयो भैँसीपालन व्यवसाय। यो आठ वर्ष पहिलेको कुरा हो। यसबीचमा उहाँको जीवनमा पनि धेरै आरोहअवरोह आए। अनेकौँ घुम्ती र मोड आए र गए। उहाँले आठ वर्ष अगाडि 'ढुङ्गाना कृषि तथा पशुपक्षी फार्म' स्थापना गरेर व्यवसाय सुरुआत गर्नुभयो। त्यही फार्ममा अहिले २२ मुर्रा जातका भैँसी र दुई जर्सी गाई दुहुना छन्।

उहाँ अहिले दैनिक १५० लिटर दूध सदरमुकाम बेनीबजारमा बिक्री गर्नुहुन्छ। दुई भैँसीबाट सुरु गरेको व्यवसायबाट अहिले उहाँले मासिक रु पाँच लाख आम्दानी गर्नुभएको छ। सबै खर्च कटाएर मासिक करिब दुई लाखको हाराहारीमा बचत हुने उहाँको भनाइ छ। फार्ममा अहिले रु ५० लाख जति लगानी भइसकेको उहाँले बताउनुभयो। भैँसीलाई चाहिने घाँसका लागि सार्वजनिक पाखो भाडामा लिनुभएको छ।

"बिहान उठेदेखि राति नसुतुञ्जेलसम्म भैँसी गोठ र कुखुराको खोरमा नै व्यस्त हुन्छु। समय गएको पत्तै हुँदैन। साँझपख बजारमा दूध पुऱ्याएउन जान्छु। सदरमुकाम बेनीबजारको न्यूरोडमा रहेको धवलागिरि डेरी उद्योगमा दैनिक १५० लिटर दूध पुऱ्याएपछि बल्ल शरीरमा फूर्ति आउँछ", उहाँले भन्नुभयो।

प्रतिलिटर रु ९० मा दूध बिक्री हुने गरेको उहाँले बताउनुभयो। व्यवसायी ढुङ्गानाले साँझ र बिहान गरी दिनमा दुईपटक मोटरसाइकलबाट बेनीमा दूध पुऱ्याउनुहुन्छ। "बजारको अभाव छैन, जति पनि बिक्री हुन्छ तर गुणस्तरलाई खस्कन दिनुहुँदैन", ढुङ्गानाले भन्नुभयो।

पशुपालन व्यवसायमा परिश्रम गर्नसके विदेशमाभन्दा राम्रो कमाइ गर्न सकिने अनुभव उहाँले सुनाउनुभयो। उहाँले पाँच रोपनी जग्गामा फार्म बनाउनुभएको छ भने फार्ममा दुई जनालाई रोजगारीसमेत दिनुभएको छ।

भैँसीको स्याहार सुसारदेखि दूध दुहुने काममा आफैँ खटिने ढुङ्गानले विदेशमा गएर अरुको अधिनमा रही दुःख गर्नुभन्दा आफ्नै गाउँमा समयानुकूल व्यवसाय गर्ने हो भने मनग्ये कमाइ गर्न सकिने बताउनुहुन्छ। उहाँको सफलताको कथा यत्तिकैमा सकिदैन। भैँसीपालनसँगै उहाँले कुखुरापालन पनि सुरु गर्नुभएको छ। अहिले उहाँका फार्ममा दुई हजार ३०० ब्रोइलर कुखुरा बिक्रीका लागि तयारी अवस्थामा छन्। दूध र कुखुरा दुवैबाट हुने आम्दानी जोड्ने हो भने उहाँको मासिक रु आठ लाख पुग्ने जनाइएको छ।

# चुँदरे खानेपानी योजनाबाट तनहुँका २२९ घरधुरीका बासिन्दा लाभान्वित

पोखरापत्र संवाददाता

दमौली, १५ असोज

रोटरी क्लब अफ दमौलीका सहयोगमा व्यास नगरपालिका-५ चुँदरेमा खानेपानी योजना निर्माण सम्पन्न भएको छ।

सो योजनाबाट नेपालटारका २२९ घरघुरीका करिब एक हजार १०८ प्रत्यक्ष लाभान्वित भएका छन्। रु एक करोड १६ लाख ४० हजार २०० को लागतमा सो आयोजना सम्पन्न भएको हो। उक्त खानेपानी आयोजनाको कूल लागतमध्ये रु ८४ लाख ८१ हजार ६६७ रोटरी क्लब अफ होनोलुल सेनसेटबाट प्राप्त भएको थियो। नगरपालिकाबाट रु ३१ लाख ५८ हजार ५४३ सहयोग गरेको क्लबका अध्यक्ष दिनेशकुमार श्रेष्ठले जानकारी दिनुभयो। इलेक्टिक लिफ्टिङ प्रविधिको प्रयोग गरी ८४५ मिटर दूरीको मुहानबाट पानी ल्याई तीन ट्याङ्कीमा पानी सङ्कलन गरी प्रत्येक घरमा खानेपानी वितरणको व्यवस्था मिलाइएको छ। करिब ५० घनमिटर, २० र दुई घनमिटरको ट्याङ्कीमा प्रत्येक एक घण्टामा १० हजार पानी सङ्कलन बताइएको छ।

बिहीबार सो योजना समुदायलाई हस्तान्तरण गरिएको छ। आयोजनाको रोटरी डिष्ट्रिक ३२९२ नेपाल भूटानका निवर्तमान डिष्ट्रिक गर्भनर राजीव पोखेल र व्यास नगरपालिका प्रमुख वैकुण्ठ न्यौपानेले संयुक्तरुपमा उद्घाटन गरी हस्तान्तरण गर्नुभएको हो।

विगत लामो समयदेखि खानेपानीको अभावमा झेल्दै आएका त्यस क्षेत्रका बासिन्दा घरघरमा पानीको धारा पुगेपछि खुसी भएका छन्।

ढिलै भए पनि गाउँमा पानी आएपछि स्थानीयवासीमा खुसियाली छाएको स्थानीय दलबहादुर रानाले बताउनुभयो। पानीको जोहो गर्न लामो समय खर्चिनुपर्ने बाध्यता थियो अब त्यो समस्या हटेको छ उहाँले भन्नुभयो।

# डोकोमा पानी बोक्ने दुःख अन्त्य

–कृष्ण न्यौपाने

दमौली, १५ असोज(रासस)

तनहुँको व्यास नगरपालिका-५ चुँदेर निवासी अनिता थापा बिहान ४ बजे उठेर पँधेरो जानुहुन्थ्यो। पानीको जोहो गर्न सबेरै जानुपर्ने उहाँको दैनिकी नै बनिसकेको थियो। एक घण्टा पैदल हिँडेर डोकोमा पानी बोक्न थालेको वर्षौं भैसकेको थियो।

सोही ठाउँ निवासी सीतामाया थापा पनि पानीको जोहो गर्न पँधेरोमै पुग्नुहुन्थ्यो। बिहानै नपुगे खानेपानी पनि पाईदैन थियो। "बिहान उठेपछिको पहिलो काम भनेकै पानीको जोहो गर्नु हो", उहाँले भन्नुभयो, "एक घण्टासम्म डोकोमा बोकेर पानी ल्याउनुपर्थ्यो।"

दुवै जनालाई अब पानीको जोहो गर्न डोको बोकेर पँधेरासम्म पुग्न परेन। रोटरी क्लब अफ दमौलीले दाताको सहयोगमा गाउँमै खानेपानी आयोजना निर्माण गरिदिएपछि स्थानीयवासीका पानीको दुःख हटेको छ। सदरमुकाम दमौलीबाट करिब १२ किमि दूरीमा छ चुँदेर गाउँ। सदरमुकाम नजिकै भए पनि यहाँ वर्षौंसम्म खानेपानीको चरम अभाव रह्यो। "खानेपानीको अभावले कति दुःख भयो भन्ने कुरा शब्दमा बयान गर्न सकिँदैन", सीतामायाले भन्नुभयो, "आज घरमै धारा आउँदा खुसीको सीमा नै छैन। पानी नभएपछि यहाँका थुप्रै बासिन्दा तल बैँसी झरे, हाम्रो त जाने ठाउँ पनि कतै छैन, दुःखसुख अहिलेसम्म यही बस्यौँ।"

पचास वर्ष पहिला १५० घरधुरी रहेकामा खानेपानीको दुःखकै कारण अधिकांश गाउँले बैँसी झरेको स्थानीयवासी अमर थापाले जानकारी दिनुभयो। खानेपानी योजना माग्दै विभिन्न तहका सरकारको ढोका गुहारेपनि सुनुवाइ नभएपछि रोटरी क्लबले खानेपानी बनाइदिने भन्ने खबरले स्थानीयवासी खुसी भए। "खानेपानी योजना सम्पन्न भएर घरदैलोमा नै पानी आएको देख्दा खुसीले गद्गद् छौँ, वर्षौंदेखिको पानीको दुःखले स्थानीयवासीले भोग्नुपरेको दुःख अब हट्यो", सीतामायाले भन्नुभयो।

अमेरिकास्थित रोटरी क्लब अफ होनोलुलु सनसेट र व्यास नगरपालिकाको संयुक्त लगानीमा खानेपानी योजना निर्माण गरिएको हो। वर्षौंदेखि खोल्सा र पँधेराको पानी उपयोग गर्दै आएका यहाँका वासिन्दाका घरघरमा खानेपानी पुऱ्याउने उद्देश्यसहित विसं २०७७ पुस २१ गते खानेपानी आयोजना निर्माण सुरु भएको थियो।

रु एक करोड १६ लाख ४० हजारको लगानीमा खानेपानी योजना निर्माण गरिएको दमौली रोटरीका पूर्व अध्यक्ष दामोदर भण्डारीले जानकारी दिनुभयो। यसबाट ६८ घरधुरी लाभान्वित भएका छन्। खानेपानीका लागि अमेरिकास्थित रोटरीले रु ८४ लाख ८१ हजार ६६७, दमौली रोटरीले रु तीन लाख ४२ हजार सहयोग गरेकामा नपुग रकम नगरपालिकाले बेहोरेको दमौली रोटरीका अध्यक्ष दिनेशकुमार श्रेष्ठले जानकारी दिनुभयो।

दुई सय ५४ मिटरको दूरीमा रहेको मुहानबाट पानी ल्याई ट्याङ्कीमार्फत घरघरमा पानी वितरण गरिएको छ। एक घण्टामा दश हजार लिटर पानी तानिनेछ। उक्त ठाउँमा दैनिक एक लाख आठ हजार ६२९ लिटर पानी आवश्यक पर्ने अध्ययनबाट देखिएको छ। यो योजनामा ३० मिटरको ट्रान्समिसन लाइन र ५८० मिटर वितरण लाइन निर्माण गरिएको छ।

खानेपानी योजना शुभारम्भ गर्दै रोटरी क्लब अफ नेपाल-भुटान ३२९२ का पूर्व गर्भनर राजीव पोखरेलले नेपालको शिक्षा, स्वास्थ्य र खानेपानीका क्षेत्रमा रोटरीले सहयोग गर्दै आएको बताउनुभयो। यो योजना दिगो बनाउने काम स्थानीयवासीको भएको उहाँको भनाइ थियो।

नगर प्रमुख वैकुण्ठ न्यौपानेले खानेपानीको चरम अभाव भएको गाउँमा रोटरीले खानेपानी योजना निर्माण गरिदिएर सकारात्मक काम गरेको बताउनुभयो। "रोटरीले नगरेको भए यो काम नगरपालिकाले गर्नुपर्थ्यो, नगरपालिकाको अभियानमा रोटरीले साथ दियो", उहाँले भन्नुभयो। वडाध्यक्ष मोहनकुमार श्रेष्ठले खानेपानीको अभावमा गाउँ छाडेर गएकालाई अब गाउँ फिर्ता ल्याउन पहल गर्नुपर्नेमा जोड दिनुभयो।

# मन्त्रिपरिषद् बिस्तारमा अझै समय लाग्न सक्छ : अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता

बागलुङ, १५ असोज

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रिपरिषद् बिस्तारको काम अझै केही दिन लम्बिने सङ्केत गर्नुभएको छ।

सरकार गठन भएको लामो समय बितिसक्दासमेत मन्त्रिपरिषद्ले पूर्णतानपाएको जनगुनासो आइरहेको भन्दै उहाँले गठबन्धनमा रहेका दलका नेताका बीचमा संवाद भइरहेको भन्दै केही समय पर्खिनुपर्ने अवस्था आएको बताउनुभयो। "माधव जीसँग फोनमा कुराकानी भएको छ, उहाँ रुघाखोकीबाट ग्रसित हुनुहुन्छ", दाहालले भन्नुभयो, "डाक्टरले केही दिन अस्पतालमा बस्नुपर्छ भनेका कारण मन्त्रिपरिषद् विस्तार केही दिन ढिला हुनसक्छ तर अन्य साथी लागेको हुनाले आज र भोलिमा पनि टुङ्गिन सक्छ।" नेपाल सरकारका पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका दाहालले लामो सङ्घर्षपछि प्राप्तउपलब्धी गुम्ने खतरा बढेको बताएउनुभयो।

नेकपा माओवादी केन्द्र ताराखोला गाउँपालिका बागलुङले आयोजना गरेको भर्चुअल भेलालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले अहिले देशभर राजनीतिक रहेको भन्दै त्यसलाई परास्त गर्न आम कार्यकर्ता र नागरिक सचेत हुनुपर्ने उल्लेख गर्नुभयो। प्रतिक्रियावादी शक्तिले जनतालाई भ्रम सिर्जना गरेकाले सचेत हुन अपिल गर्दै उहाँले आफूले देशमा ठूलो कम्युनिष्ट शक्ति निर्माण गरि देशलाई समृद्धितर्फ लैजाने योजनाअनुरुप नेकपा एमालेसँग पार्टी एकता गरेको तर त्यो नटिकेको बताउनुभयो। जनताको घरदैलोमा माओवादी केन्द्र आफ्ना एजेण्डा र उपलब्धिसहित जानुपर्ने उहाँको तर्क थियो।

उहाँले माओवादी जनयुद्धबाट प्राप्त उपलब्धिलाई जनतामाझ पुऱ्याउनुपर्ने बताउनुभयो। २०६४ सालपछि माओवादी बिग्रेको बताउँदै पहिले नेतृत्व सच्चिदै जाने हो भने फेरि पार्टीले नयाँ तरिकाले अगाडि बढ्ने बताउनुभयो। उहाँले अहिलेको पाँच दलीय गठबन्धन चुनावसम्म लैजाने विषयमा छलफल चलिरहेको बताउँदै विचार मिल्नेसँग छलफल जारी राख्न कार्यकर्तालाई आग्रह गर्नुभयो।